का.जि.प्र.का.द.नं. १००/०५९/६०

❑ वर्ष १९, अंक ३३५
❑ १४ माघ २०७८, शुक्रबार
❑ 28 January 2022, Friday
www.madhyanhadaily.com

पृष्ठ १२ मूल्य रु. ५/-

# मध्यान्ह

Madhyanha National Daily

राष्ट्रिय दैनिक

ई–पत्रिका अनलाइन पढ्नका लागि क्यूआर कोड स्क्यान गर्नुहोला।

■ लोकलाज र दबावबीच

# प्रधानमन्त्रीको मौनता



ऐनअनुसार आगामी ५ जेठमा स्थानीय जनप्रतिनिधिको कार्यकाल सकिने भएकाले वैशाखभित्र चुनाव गराउनुपर्ने आम माग र चुनाव सार्न परेको गठबन्धनको दबावबीच प्रधानमन्त्री देउवा भने मौन छन् । प्रधानमन्त्री देउवाले निर्वाचन आयोगका पदाधिकारीहरुको दबाव समेत पन्छ्याउँदै आएका छन् ।

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, १३ माघ ।

निर्वाचन आयोगका पदाधिकारीले बिहीबार समेत प्रधानमन्त्री शेरबहादुर देउवालाई भेट्ने समय पाएनन् । प्रमुख निर्वाचन आयुक्त दिनेशकुमार थपलियाले प्रधानमन्त्री देउवासँग भेट्न समय मागेका थिए । तर प्रधानमन्त्री देउवाले समय दिएनन् । निर्वाचन आयोग स्रोतका अनुसार, प्रधानमन्त्री देउवासँग भेट्ने समय एक सातादेखि आयोगले मागिरहेको छ । तर प्रधानमन्त्री देउवाको समय आयोगले पाइरहेको छैन । बालुवाटार स्रोतका अनुसार, प्रधानमन्त्री देउवा आयोगका पदाधिकारीसँग भेट्ने चाहनामा छैनन् । यसको कारण भने आयोगले स्थानीय चुनाव वैशाखमै गराउनुपर्ने सार्वजनिक दबाव सिर्जनातिर लाग्नु हो । "निर्वाचन आयोगले सरकारले परामर्श माग्दा दिने हो । तर आयोग त बक्तव्यबाजी गरेर क्षेत्राधिकार बाहिर गएको छ", बालुवाटार स्रोत भन्छ । आयोगका प्रवक्ता शालिग्राम शर्मा पौडेलले १० माघमा बक्तव्य जारी गरेर सरकारलाई स्थानीय चुनावको मिति तोक्न आग्रह गरेको थियो । आयोगले आग्रह भनेपनि प्रधानमन्त्री देउवा विरुद्ध सार्वजनिक दबाव सिर्जना गर्न खोजिएको सत्तारुढ गठबन्धनका नेताहरुको बुझाइ छ । त्यसैले पनि प्रधानमन्त्री देउवाले आयोगका पदाधिकारीसँग भेट्न समय दिएका छैनन् ।

आयोगले भने लगातार स्थानीय चुनावको मिति तोक्न दबाव बढाइरहेको छ । गएको ३० पुसमा आयोगले सर्वदलीय बैठक बोलाएको थियो । उक्त सर्वदलीय बैठकमा आयोगले आगामी वैशाख १४ र २२ गरी दुई चरणमा स्थानीय चुनावको मिति प्रस्ताव गरेको थियो । त्यही सर्वदलीय बैठकको सन्दर्भ उदृत गर्दै मंगलबार जारी बक्तव्यमा आयोगले वैशाखभित्र चुनाव गराउन तयार रहेको जानकारी दिएको छ । बक्तव्य र सर्वदलीय बैठक बाहेक पनि आयोगका पदाधिकारीले प्रधानमन्त्री देउवासँग दुईपटक भेटवार्ता गरेका थिए ।

गएको ८ कात्तिक र ९ पुसमा प्रधानमन्त्री देउवाले आयोगका पदाधिकारीलाई समय दिएका थिए । त्यही भेटमा आयोगका पदाधिकारीले स्थानीय तह निर्वाचन ऐन-२०७३ बमोजिम जनप्रतिनिधिहरुको कार्यकाल ५

– बाँकी पृष्ठ २ मा

विवाहलगायत अन्य भोजभतेरमा फजुल खर्च नगरौं, सभ्य र जिम्मेवार नागरिकको परिचय दिऔं

नेपाल सरकार
विज्ञापन बोर्ड

# एकैदिन १५ जनाको मृत्यु



*शिवराज नगरपालिकास्थित शिवपुर स्वास्थ्यचौकीमा कोरोनाविरुद्धको खोप लगाउन उभिएको लाइन । कपिलवस्तुमा रोकिएको खोप फेरि लगाउन शुरु भएको छ । तस्वीर: रासस*

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, १३ माघ ।

दिनहुँ दश हजारको हाराहारीमा कोरोना संक्रमण पुष्टि भइरहँदा बिहीबार एकैदिन १५ जनाको मृत्यु भएको छ । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले सार्वजनिक गरेको प्रतिवेदनअनुसार, बिहीबार संक्रमणबाट देशभर १५ जनाको मृत्यु भएको छ । कोरोनाको तेस्रा भेरियन्ट ओमिक्रोनको संक्रमण फैलिएपछि एकैदिन यति ठूलो संख्यामा मृत्यु भएको यो दिन हो । यसअघि गएको ८ माघमा एकैदिन संक्रमणबाट १६ जनाको मृत्यु भएको थियो ।

९ माघमा ४, १० माघमा ४, ११ माघमा ८ र १२ माघमा ५ जनाको संक्रमणबाट मृत्यु भएको छ । संक्रमण भएर आईसीयू उपचारत संक्रमितको संख्या २५७ जना छ । भेन्टिलेटरमा राखेर ४९ जनाको उपचार भइरहेको स्वास्थ्य मन्त्रालयले जनाएको छ । बाँकी ८८,६४२ जना घरमै आइसोलेसनमा बसेकाछन भने १,९३४ जना संस्थागत आइसोलेसनमा छन् ।

संक्रमित संख्या समेत उल्लेख्य मात्रामा घट्न सकेको छैन । बिहीबार २१,८०८ जनाको परीक्षण प्रतिवेदन सार्वजनिक हुँदा ८,०१७ जनामा संक्रमण पुष्टि भएको छ ।

सवैभन्दा धेरै संक्रमित राजधानी उपत्यकामा देखिएको छ । काठमाडौंमा २,४०२, ललितपुरमा ५२१ रभक्तपुरमा २२० जनामा संक्रमण पुष्टि भएको छ । बिहीबार थपिएको सहित काठमाडौंमा संक्रमित संख्या ३८,८५९, ललितपुरमा १०,३९० र भक्तपुरमा ५,६१४ जना पुगेको छ । जबकी देशभर संक्रमित हुने संख्या ९०,५७६ पुगेको छ । राजधानी उपत्यका बाहिर पनि संक्रमित संख्या घट्न सकेको छैन । बिहीबार मात्रै प्रदेश-१ मा ६३५, मधेश प्रदेशमा ३२१, बागमतीमा

– बाँकी पृष्ठ २ मा

**कोरोना अपडेट**

| | |
|---|---|
| संक्रमित | : ८,०१७ |
| परीक्षण | : २१,८०८ |
| मृत्यु | : १५ |
| निको हुने | : ५,२९२ |

● एमाले

# सच्चिने वा सक्किने

**कान्ति न्यौपाने/मध्यान्ह**
काठमाडौं, १३ माघ ।

राष्ट्रियसभा चुनावमा लज्जास्पद हार ब्यहोरेपछि नेकपा एमाले आफ्नो भविष्यप्रति चिन्तित बनेको छ । राष्ट्रिय राजनीतिको पहिलो र शक्तिशाली पार्टी एमालेले राष्ट्रियसभामा एक सिट मात्रै जितेपछि चिन्तित हुनु स्वभाविक पनि हो ।

तर, एमालेका नेताहरु चुनावी परिणामले दुखित् नभएर उत्साहित भएको बताइरहेका छन् । एमालेका नेता कृष्णभक्त पोखेल बाँकी सबै दलको बलमा पनि आफूहरुलाई हराउन नसकेको प्रतिक्रिया दिन्छन् । "अहिलेको परिणामले चुनावमा जान एमाले होइन, अरु दल डराएको देखियो, त्यहीकारण चुनाव सार्ने रणनीति खोजिरहेका छन्", नेता पोखेल भन्छन्, "चुनावमा एमालेको हार होइन बहुमत नै प्राप्त हुने उनको भनाई छ ।" राजनीतिमा केही कुरा पनि असम्भव नहुने हुँदा वामपन्थीको एकता हुनसक्ने नेता पोखरेलको भनाई छ । विज्ञहरु भने एमाले आत्मालोचना गरेर नगए जित त परको कुरा पार्टी नै सकिने सम्भावना देखिएको बताउँछन् । तर, एमालेकै नेता रामबीर मानन्धर भने एमाले सच्चिएर नगए निर्वाचन परिणाम राम्रो नआउने बताउँछन् । "अब एमाले आत्मालोचना सहित चुनाव केन्द्रित हुनुपर्छ, नभए अपेक्षाकृत नतिजा आउँदैन", नेता मानन्धरले बताए ।

## एमालेको विकल्प

राष्ट्रियसभा चुनावबाट हतोत्साहित भएको एमालेका लागि जेठको पहिलो हप्तामा चुनाव गराउने रणनीति खोज्नु नै पहिलो विकल्प देखिन्छ । जसका लागि प्रधानमन्त्री शेरबहादुर देउवासँग भेटेर सर्वदलीय सरकार गठनको पहल गर्नुपर्ने विज्ञहरु बताउँछन् । अब एमालेको लागि एउटा विकल्प प्रधानमन्त्रीसँग सर्वदलीय सरकार गठन र संसदमा संकल्प प्रस्ताव पेश नै हो, त्यसो गर्दा मात्रै स्थानीय तहमा एमालेको वर्चस्व रहनसक्छ, विश्लेषक दाहाल बताउँछन् ।

उनी अब उपेन्द्र यादव नेतृत्व सरकारबाट बाहिरिएर सरकार अल्पमतमा परेपछि चुनाव घोषणाको संकेत देखिएको बताउँछन् । तर, एमालेले आगामी चुनावमा भने ठूलै हार ब्योहोर्ने प्रष्ट छ । कांग्रेस, एमालेले छुट्टै र नेकपा माओवादी र एकीकृत समाजवादीको मोर्चा बनेर त्रिपक्षीय भिडन्त हुँदा एमालेको परिणाम निकै कम देखिने विश्लेषक दाहालको भनाई छ ।

– बाँकी पृष्ठ २ मा

> एकपछि अर्को क्षति बेहोर्दै आएको नेकपा एमाले अझैपनि बलियो रहेको दावी गरिरहेको छ । तर सामुन्नेको संकट सामना गर्न एमालेको दावीले मात्रै पुग्दैन ।



*नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली बालकोटस्थित आफ्नै निवास बालकोट भक्तपुरमा कार्यकर्तासँग । तस्वीर: रासस*

अब भिजिट भिसाका धन्दावाललाई मार्शल कारबाही गरिने श्रममन्त्रीको उद्घोष

# मन्त्रालयले २४ सै घण्टा उजुरी सुन्ने

**मध्यान्ह संवाददाता**
काठमाडौं, १३ माघ

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री कृष्ण कुमार श्रेष्ठ (किसान)ले आकर्षक तलब र सुविधासहित वैदेशिक रोजगारीको झुटो प्रलोभन दिएर भिजिट भिसामा यूएईलगायत खाडीका विभिन्न देशमा पुऱ्याएर अलपत्र पार्नेहरूलाई कारवाही गरेरै छोड्ने बताएका छन् ।

बिहीबार मन्त्रालयमा भिजिट भिसामा यूएई गएर अलपत्र परी दुःख झेलेर फर्किएका युवाहरूको समस्या सुनेपछि मन्त्री श्रेष्ठले उक्त आश्वासन दिएका हुन् । आकर्षक तलब, सुविधासहितको रोजगारीको प्रलोभन देखाई विदेश लगेर अलपत्र बनाउने जो केहीलाई कारबाही गरिने मन्त्री श्रेष्ठको भनाइ छ ।

भिजिट भिसामा लगेर अलपत्र पार्नेहरूलाई कारबाही गर्न मन्त्रालयका उपसचिव तथा नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सीआईबी)का प्रहरी नायब उपरीक्षक सम्मिलित मार्शल प्रकृतिको कार्यदल गठन गरिसकेको भन्दै मन्त्री श्रेष्ठले भिजिट भिसामा लगेर अलपत्र पार्नेहरूलाई कारबाही गर्न गहिरो अनुसन्धानको शुरूवात गरिएको समेत बताए । मन्त्री श्रेष्ठले उजुरी र प्राप्त सूचनाको आधारमा टिम तत्कालै एक्सनमा जाने पनि बताए । कार्यदलमा पर्यटन, परराष्ट्, श्रम, प्रहरी,

– बाँकी पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

## बढी भाडा तिर्ने यात्रुलाई कागजातसहित निवेदन दिन आग्रह

**काठमाडौं/रासस–** संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले अन्तर्राष्ट्रिय यात्रु चार्टर उडानमा तोकिएको भन्दा बढी भाडा तिर्न बाध्य भई मर्का परेका व्यक्तिले आधिकारिक कागजातसहित सात दिनभित्र छानविन समितिलाई इमेलमार्फत निवेदन दिन अनुरोध गरेको छ ।

– बाँकी पृष्ठ २ मा

**KUWAIT मा रोजगार | कम्पनी : BON SWEETS AND PASTRIES**
शहर : KUWAIT

पूर्व स्वीकृत मिति: २०७८/०९/०८ चलानी नं.: ६०१७११०० **L.T. No.: 254551** पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Sales Lady | 0 | 30 | स. काममा दक्ष | 135 | ५३,०२१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

यसै कम्पनीको लागि Cake Decoration, Pastry Chef को पनि माग भएकाले परामर्शको लागि सम्पर्क गर्नुहोला ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ माघ २१ गते (4 February 2022) मा हुनेछ ।

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

DHR
Gov. lic. No. 789/065/66

**Destiny Human Resource Nepal Pvt. Ltd.**
G.P.O. Box: 8975 EPC 5444, Tinkune, Kathmandu, Nepal
Tel.: 01-5104632/01-5104634, Email: destinykuwait3@gmail.com
Mobile No.: 9847932530, 9869691330, 9810380130, 9808117170

# सार्वजनिक शिक्षा सुधार्न निजी क्षेत्रसँग सहकार्य गरिने



**काठमाडौं/मस**–शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री देवेन्द्र पौडेलले सार्वजनिक शिक्षा सुधार्न निजी क्षेत्रसँग सहकार्य गरिने बताएका छन् ।

कोराना महामारीमा शैक्षिक क्षेत्रको व्यवस्थापन र सुधारबारे निजी लगानीका विद्यालयका छाता संस्थाका प्रतिनिधिसँग बिहीबार सुझाव लिने क्रममा मन्त्री पौडेलले संविधानमा उल्लेख भएको समाजवादोन्मुख राज्य प्रणालीलाई कार्यान्वयन गर्दै लैजानुपर्ने बताए ।

मन्त्री पौडेलले कोभिड-१९ संकट व्यवस्थापन केन्द्रको निर्णयपछि अवस्था हेरेर विद्यालय सञ्चालनबारे थप निर्णय हुने जानकारी दिए ।

छलफलमा निजी क्षेत्रका प्रतिनिधिले हाल बन्द विद्यालय खोल्न दिन माग गरेका छन् । प्याब्सनले खोप लगाइसकेका विद्यार्थीलाई आलो पालो प्रणालीमा भौतिक उपस्थितिमै यही माघ २३ गतेदेखि कक्षा सञ्चालन गर्न दिने व्यवस्था गर्न सरकारसँग माग गरेको छ ।

प्याब्सनका अध्यक्ष टीकाराम पुरीले निजी लगानीका विद्यालयले गरेका राम्रा कामको मूल्यांकन गर्दै सरकारी सेवा सुविधामा विभेद नगर्न आग्रह गरे ।

नेशनल प्याब्सनका अध्यक्ष ऋतुराज सापकोटाले आफूहरु ऋण गरेर विद्यालय चलाउन बाध्य भएकाले सरकारले सहुलित दिनुपर्ने माग गरे ।

'स्कुल चलाउन हामीले बैंकबाट लोन लिएका छौं', अध्यक्ष ऋतुराज सापकोटाले भने, 'गत वर्ष कर्जामा ५ प्रतिशत छुट भएको थियो, यस वर्षपनि छुटका लागिपहल गरिदिनुपर्‍यो ।'

संक्रामक रोग ऐन २०२० ले गृह र जिल्ला प्रशासनलाई मात्रै चिनेको बताउँदै ऐन संशोधन गरी समयानुकुल गराउन माग गरेको छ ।

## लोकलाज...

जेठमा सकिने जानकारी दिएका थिए । ऐनले स्थानीय तह जनप्रतिनिधिविहीन हुने कल्पना नगरेकाले स्थानीय चुनावको मिति तोक्न सुझाव दिएको थियो ।

आयोगको दबाव र विपक्षी दल नेकपा एमालेको आरोपले समेत स्थानीय तह जनप्रतिनिधिविहीन बनाउन नहुने दबाव प्रधानमन्त्री देउवामाथि बढेको छ । ऐन, आयोग र विपक्षी दलले लगातार चुनाव भनेपछि सरकारविरोधी जनमत समेत तयार भइसकेको छ । तर प्रधानमन्त्री देउवालाई नेपाली काँग्रेसभित्रै र सत्ता साझेदार दल गठबन्धनका नेताहरुले चुनाव वैशाखमा नगर्न दबाव दिइरहेका छन् । स्रोतका अनुसार, वरिष्ठ नेता रामचन्द्र पौडेल सहित ठूलै पंक्ति वैशाखमा स्थानीय चुनाव गराउने पक्षमा छैनन् ।

सत्ता साझेदार दल नेकपा माओवादी केन्द्र, नेकपा एकीकृत समाजवादी, जनता समाजवादी पार्टी र राष्ट्रिय जनमोर्चाका नेताहरुले प्रधानमन्त्री देउवालाई स्थानीय चुनाव सार्न दबाव दिइरहेका छन् । तर प्रधानमन्त्री देउवाको मौनता कायम छ । प्रधानमन्त्रीले चुनाव हुने वा नहुने केही भनेका छैनन् ।

गएको ७ माघमा राष्ट्रका नाममा सम्बोधन गर्दा पनि प्रधानमन्त्री देउवा प्रष्ट हुन सकेनन् । उनले भनेका छन्, "एक वर्षभित्रै तीन तहको निर्वाचन गर्नुपर्ने दायित्व सरकारमाथि रहेको छ । निर्वाचनका पूर्वतयारीका कामहरु सम्पन्न गर्न म सम्बन्धित सबैसँग अनुरोध गर्न चाहन्छु ।" तर कुनैपनि चुनावको मिति भने तोकेका छैनन् ।

## एमाले....

तर, नेकपा एमालेका नेता शंकर पोखेल भने आगामी चुनावमा झनै राम्रो परिणाम आउने बताउँछन् । "अव हुने सबै निर्वाचन प्रत्यक्षहुने भएकोले गठवन्धन कमजोर हुने र नेकपा (एमाले) थप सुदृढ हुने आधार समेत यस निर्वाचनले संकेत गरेको छ, नेता पोखेल भन्छन् ।" राष्ट्रियसभा चुनावमा पनि एमालेका उम्मेदवारले अन्य दलको भन्दा राम्रो मत पाएकाले आगामी चुनावमा पनि अपेक्षाकृत नतिजा आउने उनको विश्वास छ । जनताले करिब दुई तिहाई हाराहारीको मत दिदाँ त्यसको उपयोग गर्नुको सट्टा एमालेले संविधानविरोधी र जनअपेक्षा विपरित काम गर्दै आएकाले एमालेको मत परिणाम निराशाजनक देखिने निश्चित छ ।

## एकैदिन...

३,५२४, गण्डकीमा ५७१, लुम्बिनीमा ४२३, कर्णालीमा ४३ र सूदुरपश्चिम प्रदेशमा २७५ जना संक्रमित थपिएका छन् ।

पाँच सय बढी सक्रिय संक्रमित रहेको जिल्ला संख्या २० पुगेको छ । कर्णाली प्रदेशका भने कुनैपनि जिल्लामा पाँच सय सक्रिय संक्रमित कटेको छैन ।

## अब...

अध्यागमन विभाग र वैदेशिक रोजगार बोर्डका प्रतिनिधि सदस्य छन् । कार्यदलले भिजिट भिसा सम्बन्धमा मापदण्ड, अध्यागमन प्रणाली सुधार, कामदार रोजगारीमा जाँदा तथा फर्किंदा भोगेका समस्या समाधानका लागि १५ दिनभित्र सुझावसहितको प्रतिवेदन दिने बताइएको छ ।

आगामी आइतबारदेखि २४ सै घण्टा सेवा उपलब्ध हुने गरी मन्त्रालयमा गुनासो सेन्टर स्थापना गर्न लागिएको जानकारी दिँदै मन्त्री श्रेष्ठले भने, 'विदेशमा बसेर बेरोजगार युवाहरूलाई रोजगारीको प्रलोभनमा दुःख दिनेहरूलाई जहाँ गएपनि छोडिने छैन ।'

समस्या सुनाउन आएका युवाहरूले आफुहरूलाई विदेश पुर्‍याउने दलालहरूले मात्रै दुःख दिएको नभएर समस्यामा पर्दा संरक्षण नदिएको भन्दै नेपाली दूतावासका कर्मचारीहरूको पनि आलोचना गरे । एक पीडितले भने, 'जतिसुकै अनुरोध गरे पनि यूएईमा रहेको नेपाली दूतावासका कर्मचारीले सहयोग गरेनन् । एजेन्टले दुबई एयरपोर्टमा पासपोर्ट र एक हजार डलरसमेत कब्जामा लियो । तर हाम्रो गुनासो दूतावासका कर्मचारीले सुनेनन् ।'

यसैबीच यूएईमा कार्यरत पत्रकार मेघराज सापकोटाले भिजिट भिसाको सेटिङमा वार्षिक १ अर्ब २० करोड रुपैयाँ घुस बापत कारोवार हुने आँकलन गरेका छन् । गत एक वर्षमा अनुमानित ८० हजार नेपालीहरु भिजिट भिसामा यूएई गएको आंकलन गर्दै पत्रकार सापकोटाले त्यसमा बढीमा २० हजार आफन्त र ट्राभल्समार्फत वास्तविक पर्यटक रहेको र बाँकीका ६० हजार नेपाली सेटिङ मिलाएर रोजगारीको उद्देश्यले गएको उल्लेख गरेका छन् ।

एक जना बराबर २० हजार रूपैयाँ एयरपोर्ट अध्यागमन कर्मचारीलाई घुस दिनुपर्ने र त्यसवापत एक वर्षमा १ अर्ब २० करोड रुपैयाँ कारोवार हुने भन्दै उनले यति ठूलो रकमको घुस कारोवार राजनैतिक संरक्षण बिना कर्मचारीको मिलेमतोमा मात्र सम्भव होला ? भनी प्रश्न समेत उठाएका छन् ।

## बढी...

हालसम्म पनि गुनासो आइरहेको सन्दर्भमा तत्कालीन अवस्थामा चार्टर उडानमा बढी हवाई भाडा तिरेका यात्रुले आफ्नो पीरमर्का खुलाई पुनः गुनासो गर्न सक्नेगरी मन्त्रालयको आधिकारिक इमेल ठेगानामा पठाउन मन्त्रालयले विज्ञप्तिमार्फत जनाएको छ ।

कोभिड-१९ को संक्रमणको पहिलो चरणमा नेपाल सरकारबाट बन्दाबन्दीको घोषणा भएपश्चात् अलपत्र परेका व्यक्तिलाई स्वदेश फर्काउन सहजीकरण गर्ने क्रममा अन्तर्राष्ट्रिय यात्रु चार्टर उडानको व्यवस्था भएको थियो । सोपश्चात् यात्रु प्रस्थान हुँदा लाग्ने हवाई भाडा सम्बन्धित एयरलाइन्सबाट नेपाल नागरिक उड्डयन प्राधिकरणमा बुझाएको हवाई भाडाभन्दा बढी लिएको भनी प्राप्त भएका विभिन्न गुनासोका आधारमा गुनासोको सम्बोधन गरी छानविन गर्न मन्त्रालयले हवाई भाडादर छानविन समिति, २०७८ गठन गरेको थियो ।

उक्त समितिले थप छानविन गर्नुपर्ने भनी सिफारिस गरिएका विषयमा सम्बन्धित निकायलाई स्पष्टीकरण सोध्न र थप छानविन गर्न यस मन्त्रालयमा पुनः छानविन समिति गठन भएको पनि मन्त्रालयले जनाएको छ ।

# बिचौलियालाई कार्यालयभित्र प्रवेश नदिन मन्त्री दाहालको निर्देशन



**काठमाडौं/मस**– वाग्मती प्रदेशका श्रम, रोजगार तथा यातायातमन्त्री घनश्याम दाहालले बिचौलियालाई कार्यालयभित्र प्रवेश नदिन निर्देशन दिएको छ ।

यातायात व्यवस्था कार्यालय एकान्तकुनाको अनुगमन गर्ने क्रममा उनले कर्मचारीलाई यस्तो निर्देशन दिएको हो । 'पहिलो कुरो त बिचौलियलाई कार्यालयभित्र पस्न नदिनुहोस्, यदि त्यो भएन भने पुलिस लगाएर भए पनि उनीहरुलाई समाउँछौं र कारबाही गर्छौं', उनले भने, 'कानुनी कारबाहीमा आएपछि बिचौलियाको विगविगी कम हुने र गलत काम गर्ने कर्मचारी पनि हच्किएर सही बाटोमा आउनेछ ।'

मन्त्री दाहालले कार्यालयमा कहींकतै सेटिङ रहेको पाएमा त्यसलाई नियन्त्रण गर्ने उल्लेख गर्दै कार्यालयभित्र कहींकतै कर्मचारीको सेटिङ छ भने 'हामी खोजी गर्नेछौं र त्यसलाई नियन्त्रण गर्छौं' भने ।

वाग्मती प्रदेश यातायात मन्त्रालयका सचिव अशोक शाहसहित मन्त्री दाहाल छड्के अनुगमनका लागि यातायात व्यवस्था कार्यालय पुगेका थिए । सेवाग्राहीको गुनासो आएपछि मन्त्री दाहालले छड्के अनुगमन गरेको हो । उक्त छड्केमा सचिव शाहले ढड्डा प्रणालीले गर्दा आएको समस्याको छिट्टै समाधान गरिने र यसका लागि अनलाइन प्रणालीको विकास गरिने बताए । उनले वाग्मतीलई नमूना प्रदेश बनाउने गरी काम गरिने बताउँदै मन्त्रालयअन्तर्गतका कार्यालय तथा निकायमा विचौलियालाई रोक्ने र भ्रष्टाचार शून्य सहनशीलता नीति अवलम्बन गरिने प्रतिबद्धता व्यक्त गरे ।

# 'देशको समृद्धिका लागि शिक्षा र स्वास्थ्य क्षेत्रको विकास आवश्यक'



**धनुषा/मस**–जनता समाजवादी पार्टी नेपालका अध्यक्ष उपेन्द्र यादवले देशको समृद्धिका लागि शिक्षा र स्वास्थ्य क्षेत्रको विकास आवश्यक भएको बताएका छन् ।

अध्यक्ष यादवले निजी क्षेत्रको लगानीमा निर्माण भएको १०० शय्याको सेन्ट्रल अस्पतालको धनुषा जिल्लाको लक्ष्मीनियाँ गाउँपालिकामा बिहीबार उद्घाटन गर्दै यस क्षेत्रको स्वास्थ्य क्षेत्रको सुधारका लागि यस अस्पतालको योगदान रहने विश्वास व्यक्त गरे ।

उनले शिक्षा र स्वास्थ्य क्षेत्रको विकासमा सहकारी र निजी क्षेत्रको भूमिका महत्वपूर्ण रहेकोले तीनै तहका सरकारले सहकारी र निजी क्षेत्रसँग सहकार्य गरी अगाडि बढ्नुपर्ने आवश्यकतामा जोड दिए ।

पूर्वस्वास्थ्यमन्त्री समेत रहेका यादवले उपचारको अभावमा कसैको मृत्यु हुन नपरोस् भन्ने उद्देश्यका साथ आफूले नयाँ स्वास्थ्य नीति ल्याएको चर्चा गर्दै सोही नीतिअनुसार प्रत्येक पालिकामा अस्पताल निर्माण हुन लागेकामा खुसी व्यक्त गरे । उनले विगतमा आफूले सोही स्वास्थ्य नीतिअनुरूप नेपालमा स्वास्थ्य बीमा कार्यक्रम लागू गरिएको बताउँदै स्वास्थ्य बीमा कार्यक्रमलाई प्रभावकारी बनाउन तीनै तहका सरकारसँग आग्रह गरे । अझै पनि मधेश प्रदेशमा गुणस्तरीय शिक्षा र गुणस्तरीय स्वास्थ्य उपचारको अभाव रहेको बताउँदै समयमा निजी क्षेत्रबाट गरिएको यस प्रकारका कामको उनले प्रशंसा गरे । अध्यक्ष यादवले विगतमा पनि मिथिला क्षेत्र शिक्षा र स्वास्थ्यको 'हब' रहेको चर्चा गर्दै फेरि पनि शिक्षा र स्वास्थ्यको हबका रूपमा मिथिला क्षेत्रको विकास गरिनुपर्ने आवश्यकतामा जोड दिए ।

उनले समतामूलक समाजको निर्माणका लागि देशमा रहेको गरिबी, बेरोजगारी अन्त्य हुनुपर्ने र त्यसका लागि आर्थिक विकास र समृद्धिका लागि दलहरूले मिलेर काम गर्नुपर्ने आवश्यकतामा जोड दिए ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
कम्पनीको दर्ता खारेज गरिएको सूचना
प्रकाशित मिति २०७८/१०/१४
यस कार्यालयमा मिति २०७१/०५/२५ मा दर्ता भएको प्रा.लि. **नं. १२६४५२** को **पनाश रन्वे इभेन्ट प्रा.लि** नामक कम्पनी यस कार्यालयको मिति २०७८/१०/१२ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ को उपदफा (१) बमोजिम दर्ता खारेजी गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

# कोटेश्वर–जडीबुटी सडक चैतसम्ममा सम्पन्न हुने



**काठमाडौं/मस**– काठमाडौं कोटेश्वर-जडीबुटी विस्तार एकातर्फ सकिएको छ भने अर्कातर्फको काम चैतसम्ममा सकिने गरी अघि बढाइएको छ ।

दक्षिणतर्फ विस्तार सकिएको र उत्तरतर्फ काम भइरहेको डिभिजन सडक कार्यालय काठमाडौंले जनाएको छ ।

दक्षिणतिर चिसो नआउँदा नै सकिएको तर उत्तरतर्फ तल्लो भागको काम सकाउँदा नै चिसो बढिसकेको डिभिजनका सूचना अधिकार इञ्जीनियर सुमित केसीले बताए ।

उत्तरतर्फको निर्माणस्थलमा एउटा घर रहेको छ जुन घरका कारणले पनि विस्तारमा समस्या भएको डिभिजनले जनाएको छ । घरधनी स्थानान्तरणका लागि सहमत नभएपछि अहिले सो विषय मुद्दामा छ ।

कोभिड संक्रमणका लागि असर पुगेका अरु ठेक्का जसरी यो ठेक्काको अवधि आगामी चैतसम्मका लागि थप भएको छ । त्यतिबेलामासम्म निर्माण सकिने इञ्जीनियर केसीले बताए । काममा अवरोध नभए 'बेस' एक सातामा र 'ओभरले' एक साता गरी जम्मा दुई सातामा सम्पन्न हुने उनको भनाइ छ ।

काठमाडौं उपत्यका भित्रने एक प्रमख नाकाका रूपमा यो सडक रहेको छ । खासगरी प्रदेश १ र मधेस प्रदेशसँगै बागमती प्रदेशका विभिन्न जिल्लाबाट उपत्यका भित्रिनका लागि यही नाका छ । अरनिको, मध्यपहाडी, बिपीलगायतका राजमार्गका कारण पनि सडकको चाप बढिरहँदा यहाँ सडक घण्टौं जाम हुने गरेको थियो । सबैतिरबाट सवारीसाधन आउने तर चोक सानो हुँदा भीडभाड हुने गरेको थियो । चोक चौडा गरेसँगै जाम नियन्त्रणमा सहजरुपमा हुने अपेक्षा गरिएको छ ।


कोटेश्वरबाट जडीबुटीतर्फ लाग्दा देब्रे (उत्तर)तर्फ एक लेन र दाहिने (दक्षिण)तर्फ दुई लेन थप्ने गरी निर्माण सुरु गरिएको थियो । विमानस्थलले सडक चौडा गर्न सहमति दिएसँगै सडक विस्तारलाई बाटो खुलेको थियो ।

सडक सम्पन्न भएपछि जडीबुटीबाट आएका सवारीसाधन कोटेश्वर हुँदै बालकुमारीतर्फ र कोटेश्वरबाट आएका जडीबुटी हुँदै पेप्सीकोलातर्फ जान रोकिने छैनन् । चोक नै पार गर्नुपर्दा केही समय रोकिए पनि चोक पार नगर्ने सवारी भने रोकिने छैनन् । सो सडक आगामी दिनमा मनोहरा पुलसम्म विस्तार गर्ने योजना छ ।

सामान्य अवस्थामा यो सडकमा लामो समयसम्म जाम हुँदा यात्रु र सवारीचालक हैरान थिए । तीनकुनेबाट लोकन्थलीसम्म नै जाम हुँदा नागरिकलाई केही किमी यात्रा गर्न घण्टौं लाग्ने गरेको थियो ।

अहिलेको सडक विस्तार अल्पकालीन समाधान भए पनि दीर्घकालीनरूपमा यसको समाधान 'फ्लाइओभर' नै भएको सडक विभागले बताउँदै आएको छ । तीनकुने-सूर्यविनायक सडक विस्तार गरेको जापान अन्तर्राष्ट्रिय सहयोग नियोग (जाइका)ले सो स्थानमा 'फ्लाइओभर' वा 'अण्डरपास' निर्माणका लागि अध्ययन गरिसकेको छ ।

# दियालोको भरमा याङगुबासी



**हुम्ला/मस**– हुम्लाको याङगु गाउँमा एक हप्तादेखि विद्युत् सेवा अवरुद्ध भएको छ ।

हुम्लाको सिमकोट गाउँपालिका-८ का बासिन्दाले हप्तादिनदेखि विद्युत् सेवा अवरुद्ध हुँदा अन्धकारमा दिन कटाउँदै आउनुपरेको हो ।

विद्युत् सेवा अवरुद्ध हुँदा रातिको समयमा आफूहरूले सल्लाको दियालोको भरमा रात कटाउनुपर्ने बाध्यता रहेको उनीहरूको गुनासो छ ।

नेपाल विद्युत् प्राधिकरण हेल्दुङ वितरण केन्द्रबाट वितरित लाइनमा समस्या आएपछि विद्युत प्रवाह हुन सकेको छैन । विद्युत् केन्द्रबाट विस्तार गरिएका दुईवटा लाइनमध्ये एउटा लाइनले काम गरे पनि अर्को लाइन एक हप्तादेखि बन्द हुँदा उज्यालोबाट वञ्चित हुनुपरेको सोही गाउँका हर्कवीर शाहीले बताए ।

करिब ६० घरधुरी भएको उक्त गाउँमा हाल १५ घरधुरीले विद्युत् उपभोग गर्न पाएका छन् भने अन्य ४५ घरधुरी अन्धकारमा बस्न बाध्य भएको उनले जानकारी दिए ।

विद्युत् आपूर्ति नभएको करिब एक हप्ता भइसक्दा पनि प्राधिकरणको हेल्दुङ वितरण केन्द्रले वास्ता नगरेको हर्कवीरको गुनासो थियो ।

पटक-पटक विद्युत् वितरण केन्द्रमा मर्मतका लागि आग्रह गर्दासमेत मागको सुनुवाइ नहुँदा स्थानीयवासीले सल्लाको दियालो बाल्न बाध्य भएको उनको भनाइ छ ।

# सुरुङमार्गमा जाने 'बकेट' चुँडिदा मजदूर बेपत्ता



**सोलुखुम्बु/मस**– सोलुखुम्बु जिल्लामा निर्माणाधीन ८६ मेगावाट क्षमताको सोलुखोला दूधकोसी जलविद्युत् आयोजनाको सुरुङ मार्गमा दुर्घटना हुँदा एक मजदूर बेपत्ता भएका छन् ।

बिहीबार हानथुलुङ दूधकोशी गाउँपालिका ३ पञ्चन क्षेत्रको सुरुङमार्गमा जाने क्रममा 'बकेट' चुँडिदा एक जना मजदूर हराइरहेको र एक जना घाइते अवस्थामा उद्धार गरिएको प्रहरीले जनाएको छ ।

बेपत्ता हुनेमा बारा जिल्ला कोलभी नगरपालिका-१ का २४ वर्षीय राकेश चौधरी रहेको घटनास्थलबाट जिल्ला प्रहरी कार्यालय सोलुखुम्बुका प्रहरी निरीक्षक ऋषिराज ढकालले जानकारी दिए । उनका अनुसार दुर्घटनामा घाइते भएका पर्सा जिल्ला पटेरवा गाउँपालिका-४ का २० वर्षीय अंगत राय थारुको उद्धार गरी उपचारका लागि मिसन अस्पताल ओखलढुङ्गा पठाइएको छ । सुरुङभित्र पेनस्टक पाइप विछ्याउन जाने क्रममा सामग्रीसहित चारजना मजदूर चढेको बकेट बिचमा पुगेर चुँडिएको प्रहरीले जनाएको छ । घटनामा परेका अन्य दुई जनाको अवस्था भने सामान्य रहेको प्रहरी निरीक्षक ढकालले बताए । हराइरहेका चौधरीको खोजी कार्य जारी रहेपनि अन्य निर्माण सामग्रीका कारण समस्या भइरहेको प्रहरीले जनाएको छ ।

# अलैंची उत्पादन बढ्यो, उचित मूल्य नपाउँदा किसान निराश



**खोटाङ/मस**– खोटाङमा अलैंची उत्पादनमा वृद्धि भएको छ । आर्थिक वर्ष २०७६/७७ को तुलनामा गत आर्थिक वर्षमा २४५ मेट्रिक टन अलैंचीको उत्पादन वृद्धि भएको कृषि ज्ञान केन्द्र खोटाङले जनाएको छ ।

केन्द्रका अनुसार आर्थिक वर्ष २०७६/७७ मा ५४२ मेट्रिक टन अलैंची उत्पादन भएकोमा गत आर्थिक वर्षमा ७८७ मेट्रिक टन उत्पादन भएको हो । उत्पादनमा वृद्धि भएपनि कृषकले उचित मूल्य पाउन सकेको छैन । मसलाजन्य नगदेबालीको रुपमा रहेको अलैंची खेतीप्रति किसान उत्साहित रहेपनि उचित मूल्य नपाउँदा भने निराश देखिएका छन् । कुनै समयमा राम्रो मूल्यमा बिक्री हुने अलैंची किसानले उत्पादन वृद्धि गर्न थाले पछि भने जस्तो उचित मूल्य नपाउदा अलैंची उत्पादक किसान निराश बन्न थालेका हुन् । विगतका वर्षमा रु तीन हजारदेखि तीन हजार ५०० प्रतिकिलो मूल्यमा बिक्री हुने गरेको अलैंची अहिले रु ८७५ देखि एक हजारसम्म मात्र बिक्री हुने गरेको किसानको भनाइ छ । मौसम अनुकूल र रोगको प्रकोप कम भएका कारण यो वर्ष जिल्लामा अलैंचीको उत्पादन बढेको केन्द्रका सूचना अधिकारी एवं कृषि प्रसार अधिकृत सञ्जयकुमार पण्डितले बताए । जिल्लामा अलैंची खेतीका लागि उपयुक्त १४ हजार दुई हेक्टर क्षेत्रफलमध्ये यो वर्ष १० हजार ६४ हेक्टर जग्गामा लगाइएको थियो । खेर गएको भिरालो, सेपिलो, ओसिलो र छहारी भएको जमिनमा उत्पादन हुने अलैंची बिक्रीबाट जिल्लामा वार्षिक रु तीन करोडभन्दा बढी रकम भित्रिने गरेको छ ।

कतारमा रोजगार | कम्पनीः ALL JASSIM GROUP शहरः DOHA

पूर्व स्वीकृत मितिः २०७८/०८/०२ चलानी नं.: ६०१६८१६८ LT. No.: 251080 पूनः विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Driver (Bike) | 3 | 0 | सम्बन्धित काममा दक्ष | 1400 | ४५,८९२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Driver | 9 | 0 | | 1700 | ५५,७२६ | | | | | | | |
| 3. | Waiter | 6 | 30 | | 1400 | ४५,८९२ | | | | | | | |
| 4. | Guard | 2 | 0 | | 1500 | ४९,१७० | | | | | | | |

अन्तर्वार्ता जनप्रिय थकाली होटल पोखरामा २०७८ माघ २० र २१ गते (3 & 4 February 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

Jung Dong Manpower Pvt. Ltd.
Gov. Lic. No.: 1416/074/075 Marajgung-3, Chakrapath, Kathmandu, Tel: 4375390, 4375391

# निस्सासिएर दम्पतिको निधन



**काठमाडौं/मस–** काठमाडौंको शंखरापुर नगरपालिकामा निस्सासिएर एक दम्पतिको मृत्यु भएको छ ।

महानगरीय प्रहरी परिसर काठमाडौंका अनुसार शंखरापुर नगरपालिका-३ मा बुधबारराति निस्सासिएर ५२ वर्षीय पदमबहादुर थिङ र ४५ वर्षीया फूलकुमार थिङ दम्पतीको मृत्यु भएको हो । उनीहरू आफू बसेको घरको कोठामा मृत अवस्थामा फेला परेको महानगरीय प्रहरी वृत्त बौद्धले जनाएको छ ।

बिहीबार बिहान ७ बजेसम्म पनि उनीहरुले ढोका नखोलेपछि जेठो छोरा २६ वर्षीय सूर्यबहादुर थिङले ढोका फुटाएर घरभित्र प्रवेश गरेका थिए ।

त्यसक्रममा दुवै जना मृत अवस्थामा भेटिएको भन्दै उनले प्रहरी वृत्त, बौद्धमा खबर गरेका थिए । प्रहरी वृत्त, बौद्ध र अपराध अनुसन्धान महाशाखाको टोली गएर अनुसन्धान गरेको थियो । अनुसन्धान अधिकृतहरुका अनुसार उनीहरु राति माकल बालेर सुतेका थिए । राति नै निस्सासिएर मृत्यु भएको हुनसक्ने प्रहरी अधिकृतहरुको अनुमान छ । प्रहरीले त्रिवि शिक्षण अस्पताल, महाराजगञ्जबाट फरेन्सिक विज्ञको टोली पनि घटनास्थलमा लगेको थियो ।

डाक्टरहरुले पनि शवमा बाहिरी चोटपटक नदेखिएको र निस्सासिएकै कारण मृत्यु भएको हुनसक्ने बताएका छन् ।

# अनुमतिबिना तस्बिर/भिडियो सामाजिक सञ्जालमा प्रकाशन गरे कारबाही



**काठमाडौं/मस–** गृहमन्त्रालयले सम्बन्धित व्यक्तिको सहमतिबिना कुनै प्रकारको तस्बिर र भिडियो खिच्न तथा तिनलाई सामाजिक सञ्जालमा प्रकाशन गरेमा कारबाही हुने चेतावनी दिएको छ ।

मन्त्रालयले बिहीबार एक सूचना जारी गरी सम्बन्धित व्यक्तिको अनुमतिबिना तस्बिर खिचेर र 'भिडियो' बनाएर निजलाई जानकारी नै नदिई सहमति/अनुमतिबिना सामाजिक सञ्जालमा प्रकाशन गर्ने जोसुकैलाई प्रचलित कानूनबमोजिम कारबाही हुने जनाएको छ । सार्वजनिकस्थलमा ख्यालठट्टाका नाममा गोप्यरूपमा भिडियो तयार गरी तिनलाई सामाजिक सञ्जालमा राख्ने गरिएको गुनासो मन्त्रालयलाई प्राप्त भएकाले सर्वसाधारणलाई शारीरिक तथा मानसिक सास्ती दिनेजस्ता गतिविधि नगर्न गृहमन्त्रालयले सम्बद्ध सबैलाई सचेत गराएको छ । सार्वजनिकस्थलमा गरिएका भद्दा ख्यालठट्टाबाट पीडित व्यक्तिमा मानसिक तनाव उत्पन्न हुनसक्ने, वादविवाद र द्वन्द्व तथा सामाजिक सद्भाव एवं शान्ति सुव्यवस्थामा पर्नसक्ने नकारात्मक प्रभावका साथै व्यक्तिगत गोपनीयता र प्रतिष्ठामा पर्नसक्ने असरलाई दृष्टिगत गरी व्यक्तिको अनुमतिबिना व्यक्तिको तस्बिर र भिडियो नखिच्न तथा तिनलाई सामाजिक सञ्जालमा प्रकाशन नगर्न मन्त्रालयले सचेत गराएको हो ।

# नक्कली मास्क बिक्री गर्ने चार पक्राउ





**काठमाडौं/मस–**नेपाल प्रहरीले विदेशी मास्कको नक्कल गरी कम गुणस्तरको मास्क बनाएर बिक्री गर्ने गरेको तथ्य फेला पारेको छ ।

काठमाडौंको त्रिपुरेश्वरमा नक्कली मास्क बिक्री भइरहेको भन्ने सूचनाका आधारमा खोजी गर्दा उक्त तथ्य फेला परेको प्रहरी प्रधान कार्यालयले जनाएको छ ।

यहाँस्थित त्रिपुरेश्वरमा रहेको महालक्ष्मी इशान इन्टरप्राइजेज प्रालि र अनेष्ट सप्लायर्सले अमेरिकी ब्राण्डको थ्रीएम मास्कको नक्कल गरी उस्तै देखिने कम गुणस्तरको मास्क बिक्री गरेको पाइएको हो ।

यसरी बिक्रीमा संलग्न चार जनालाई छ हजार ११४ थान थ्रीएम मास्कसहित पक्राउ गरिएको छ ।

महानगरीय प्रहरी परिसरका अनुसार महालक्ष्मी इशान इन्टरप्राइजेजबाट चार हजार १९४ थान र अनेष्ट सप्लायर्सबाट एक हजार ९२० थान नक्कली थ्रीएम मास्क प्रहरीले बरामद गरिएको छ ।

पक्राउ पर्नेमा काठमाडौं महानगरपालिका-११ त्रिपुरेश्वरस्थित महालक्ष्मी इशान इन्टरप्राइजेजका सञ्चालक ३४ वर्षीय वुद्धिबहादुर कार्की, काठमाडौं भोटेबहाल बस्ने भारत राजस्थान बस्ने नक्कली मास्क सप्लायर्स यश अग्रवाल, २० वर्षीय श्रीयान्स लावटी र ललितपुर सातदोबाटो बस्ने अनेष्ट सप्लायर्सका म्यानेजर संखुवासभाका २३ वर्षीय मुक्तिप्रसाद पोखरेल रहेका छन् ।

## कर्णाली प्रदेश समन्वय परिषद् बैठक
# बजेट तथा कार्यक्रम तर्जुमाका विषयमा छलफल



**कर्णाली/मस–** कर्णाली प्रदेश समन्वय परिषद्को पाँचौं बैठक सम्पन्न भएको छ । मुख्यमन्त्री जीवनबहादुर शाहीको अध्यक्षतामा बैठक सम्पन्न भएको हो ।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय कर्णाली प्रदेश सरकारद्वारा आज वीरेन्द्रनगर सुर्खेतमा आयोजित परिषद्को पाँचौं बैठकको प्रारम्भमा यसअघिका निर्णयको पुनरावलोकन गरिएको थियो । तत्तपश्चात् विकास आयोजनाको कार्यान्वयनमा प्रदेश सरकार र स्थानीय तहको भूमिका, आगामी आर्थिक वर्षको बजेट तथा कार्यक्रम तर्जुमाका विषयमा छलफल भएको मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका प्रवक्ता केशवप्रसाद उपाध्यायले जानकारी दिए ।

यसैगरी कोभिड-१९ को रोकथाम तथा प्रतिकार्यको तयारी, समन्वय र सहकार्य, प्रदेश सरकार र स्थानीय तहबाट सञ्चालन हुँदै आएको विकास आयोजना, प्रदेश र स्थानीय तहबीचको अन्तरसम्बन्ध तथा साझा अधिकारका विषयमा छलफल भएको प्रवक्ता उपाध्यायले बताए । उनका अनुसार परिषद्को सम्पन्न बैठकबाट भएका निर्णय शुक्रबार सार्वजनिक गरिनेछ ।

बैठकमा प्रदेश सरकारका आर्थिक मामिला तथा योजनामन्त्री विन्दमान विष्ट, भूमि व्यवस्था, कृषि तथा सहकारीमन्त्री चन्द्रबहादुर शाही, कर्णालीका १० जिल्लाका समन्वय प्रमुख, ७९ स्थानीय तहका प्रमुख/उपप्रमुख अध्यक्ष/उपाध्यक्ष, प्रदेश सरकारका सचिवलगायतको सहभागिता रहेको थियो ।

# स्वास्थ्य र पशु बीमामा शतप्रतिशत अनुदान



**भक्तपुर/मस–** भक्तपुर चाँगुनारायण नगरपालिकाको एउटा वडाले आफ्ना नागरिकलाई स्वास्थ्यदेखि पशु बीमासम्ममा शतप्रतिशत अनुदान दिएको छ । चाँगुनारायण नगरपालिका-३ झौखेलले आफ्नो नागरिकको स्वास्थ्यमा सहज पहुँच पुर्याउने र पशुपालनमा प्रोत्साहन गर्ने उद्देश्यले यस्तो कार्यक्रम लागू गरेको हो ।

नगरपालिकाले आफ्ना नगरभरिका सबै नागरिकलाई स्वास्थ्य उपचारमा पहुँच पुर्याउन ५० प्रतिशत अनुदान प्रदान गरेको छ । चानपा-३ झौखेलले नगरपालिकाबाट आएको ५० प्रतिशत अनुदानमा अर्को ५० प्रतिशत वडाको अन्य बजेटबाट मिलान गर्दै वडाका सबै नागरिकलाई शतप्रतिशत अनुदान प्रदान गरेको वडाध्यक्ष श्यामसुन्दर धिमालले जानकारी दिए ।

उनले भने, 'सबै नागरिकलाई स्वास्थ्य बीमाको पहुँचमा पुर्याएर उपचारमा सहज बनाउने लक्ष्यसाथ २५ लाख रुपैयाँ बजेट विनियोजन गर्दै वडाका आठ सय परिवारलाई शतप्रतिशत अनुदानमा स्वास्थ्य बीमा गराएका हौं ।'

त्यसैगरी आफ्ना वडाका सबै नागरिकलाई पशुपालनमा आकर्षित गराउन वडा कार्यालयले पशु बीमामासमेत शतप्रतिशत अनुदान दिएको छ । पशु बीमा तर्फ राज्यले ८० प्रतिशत अनुदान दिएको र वडाले २० प्रतिशत थपेर शतप्रतिशत पुर्‍याएको हो । वडामा अहिलेसम्म दुई सय किसान लाभान्वित भएको जानकारी दिँदै वडाध्यक्ष धिमालले गाईभैंसी गरी दुई हजार पशुको बीमा गरिएको जानकारी दिए । पशुबीमा गरेका किसानले पशुको मृत्यु भएमा ९० प्रतिशत रकम पाउने र पशुले हानेर किसानको मृत्यु भए पाँच लाख रुपैयाँ किसानले पाउने गरी किसानकोसमेत बीमा हुने उनले जानकारी दिए ।

# माथेमाको शालिकमा माल्यापर्ण



**काठमाडौं/मस–** शहीद सप्ताहको चौथो दिन बिहीवार सहिद धर्मभक्त माथेमाको शालिकमा माल्यापर्ण गरी सम्झना गरिएको छ । प्रजातन्त्र प्राप्तिका लागि माथेमाले अमरत्व प्राप्त गरेको स्थलमा रहेको शालिकमा बिहीबार पुष्पगुच्छा अर्पण गरी उनलाई स्मरण गरिएको छ ।

माथेमा जन्मिएको ठाउँ काठमाडौंको ओमबहाल र अमरत्व प्राप्त गरेको ठाउँ सिफल उकालोमा महानगरले माथेमाको पूर्णकदको शालिक प्रतिस्थापन गरेको स्थानमा माल्यापर्ण गरेर स्मरण गरिएको हो ।

कार्यक्रममा कामपाका प्रमुख विद्यासुन्दर शाक्य, प्रमुख प्रशासकीय अधिकृत लोकनाथ पौडयाल, वडा ७ का अध्यक्ष शुद्धकुमार डंगोल तथा वडा सदस्य र सीमित कर्मचारी सहभागी भएर शालिकमा पुष्पगुच्छा अर्पण गरिएको हो । कोरोना महामारी भएकाले यस वर्ष सहिद सप्ताहका कार्यक्रम सीमित व्यक्तिका बीच आयोजना भइरहेका छन् ।

# बुलेटमा च्यापिएर चालकको मृत्यु

**काठमाडौं/मस–**काठमाडौंको बालाजु स्थित औद्योगिक क्षेत्र भित्र ग्यास बुलेटमा च्यापिंदा एकजना चालकको मृत्यु भएको छ । मृत्यु हुनेमा भारतीय नागरिक ४५ वर्षीय दिलिप राजवंशी रहेका छन् । बिहीबार बिहान करिब पौने चार बजे बालाजु औद्योगिक क्षेत्र भित्र पार्किङमा राखेर सिसा पुछ्दै गर्दा ग्यास बुलेट अचानक गुडेर अगाडि बढेपछि भारतीय नम्बरकै अर्को ग्यास बुलेटमा उनी च्यापिएका थिए ।

चालक राजवंशीको उपचारको क्रममा शिक्षण अस्पताल महाराजगञ्जमा मृत्यु भएको प्रहरीले जनाएको छ ।राजवंशी च्यापिएको अर्को बुलेटका चालकलाई महानगरीय प्रहरी वृत्त बालाजुले नियन्त्रणमा लिएको छ ।




**सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ (३) र सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको विवरण देहाय बमोजिम रहेको छ ।**

१. **निकायको स्वरुप र प्रकृति:**
प्रचलित कम्पनी ऐन बमोजिम स्थापना भई बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ बमोजिम नेपाल राष्ट्र बैंकबाट इजाजतपत्र प्राप्त गरि संचालित 'क' वर्गको वित्तीय संस्था ।

२. **निकायको काम कर्तव्य र अधिकार:**
बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिमको काम, कर्तव्य र अधिकार रहने छ ।

३. **निकायमा रहने कर्मचारी संख्या र कार्य विवरण:**
हाल कार्यरत कर्मचारी संख्या १८४० रहेको छ र बैंकले तोकेको कार्य विभिन्न पदमा कार्यरत कर्मचारीहरु मार्फत भई रहेको छ । व्यवस्थापन समुहको नाम पद बैंकको वेबसाइट https://www.siddharthabank.com/about-us/executive-management मा हेर्न सकिनेछ ।

४. **निकायबाट प्रदान गरिने सेवा:**
बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम 'क' वर्गको इजाजतपत्र प्राप्त वित्तीय संस्थाले दिन सक्ने सम्पूर्ण बैंकिङ्ग सेवाहरु ।

५. **सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी:**
सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारीहरुको विवरण यस बैंकको वेबसाइट https://www.siddharthabank.com/service-networks मा उपलब्ध छ ।

६. **सेवा प्राप्त गर्दा लाग्ने दस्तुर र अवधि:**
बैंकले प्रदान गर्ने विभिन्न सेवाको शुल्क तथा अवधि यस बैंकको वेबसाइट https://www.siddharthabank.com/rates-charges-limit/standard-tariff-of-charges मा प्रकाशित गरिएको छ ।

७. **निर्णय गर्ने प्रकृया र अधिकार:**
बैंकिङ्ग कारोबारका सम्बन्धमा विभिन्न प्रकारका निर्णयहरु विभिन्न तहका अधिकारीहरुले गर्न सक्ने प्रक्रिया मिलाइएको छ । नियमित कार्य संचालन सम्बन्धमा प्रमुख कार्यकारी अधिकृत तथा बैंक संचालक समिति निर्णयकर्ताको रुपमा रहने छ ।

८. **निर्णय उपर उजुरी सुन्ने अधिकारी:**
ग्राहकहरुको गुनासो तथा उजुरी सुन्नका लागि हाल केन्द्रीय स्तरमा सहायक महाप्रबन्धकलाई गुनासो सुन्ने अधिकारीको रुपमा व्यवस्था गरिएको छ । निजको ठेगाना यसप्रकार रहेको छ :
**श्री सुरेश राज महर्जन**
सहायक महाप्रबन्धक
सिद्धार्थ बैंक लिमिटेड, प्रधान कार्यालय: हात्तीसार, काठमाडौं
पोष्ट बक्स नं. १३८०६, फोन नं. ०१-४४४२९१९, ०१-४४४२९२०

९. **सम्पादन गरेको कामको विवरण:**
बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम 'क' वर्गका इजाजत प्राप्त वित्तीय संस्थाले गर्न सक्ने सम्पूर्ण बैंकिङ्ग कारोबारहरु गर्दै आईरहेको छ ।

१०. **प्रमुख सूचना अधिकारीको नाम र पद:**
बैंकको प्रमुख सूचना अधिकारीको नाम र पद यसप्रकार रहेको छ :
**श्री रामेश्वर प्रसाद बस्याल**
सहायक प्रमुख कार्यकारी अधिकृत
सिद्धार्थ बैंक लिमिटेड, प्रधान कार्यालय, हात्तीसार, काठमाडौं
पोष्ट बक्स नं. १३८०६, फोन नं. ०१-४४४२९१९, ०१-४४४२९२०
साथै यस बैंकका शाखा कार्यालयहरुमा सम्बन्धित शाखा प्रमुखहरुलाई शाखाको सम्बन्धित सूचना अधिकारीका रुपमा कार्य गर्ने व्यवस्था गरिएको छ ।

११. **ऐन नियम, विनियम वा निर्देशिकाको सूचि:**
प्रचलित सम्पूर्ण ऐन, नियम, विनिमय वा निर्देशिकाहरु बैंकले पालना गर्नुपर्ने हुन्छ भने देहाय बमोजिमको ऐन, नियम विनियम वा निर्देशिकाहरु बैंकिङ्ग कार्यका लागि प्रमुख रुपमा रहेका छन् ।

- बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३
- नेपाल राष्ट्र बैंक ऐन, २०५८ (दोस्रो संशोधन २०७३)
- बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८
- कम्पनी ऐन, २०६३
- बैंकिङ्ग कसुर तथा सजाय ऐन, २०६४
- सम्पति शुद्धिकरण (मनि लाउन्डरिङ्ग) निवारण ऐन, २०६४ (दोस्रो संशोधन २०७०)
- धितोपत्र सम्बन्धी ऐन, २०६३
- सुरक्षित कारोबार ऐन, २०६३
- प्रचलित करार कानुन
- विनिमय अधिकार पत्र ऐन, २०३४
- विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ आदि ।
- उपरोक्त ऐनहरु बमोजिमका सम्पूर्ण नियम तथा विनियमहरु
- नेपाल राष्ट्र बैंकबाट जारी गरिएका सम्पूर्ण निर्देशिका, परिपत्रहरु
- बैंकिङ्ग कारोबारका क्रममा पालना गर्नु पर्ने अन्य प्रचलित कानुन
- सूचनाको हक सम्बन्धी ऐन, २०६४

१२. **आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी त्रैमासिक अद्यावधिक विवरण:**
बैंकको आम्दानी खर्च तथा आर्थिक कारोबार सम्बन्धी त्रैमासिक अद्यावधिक विवरण राष्ट्रिय स्तरको पत्र-पत्रिकामा प्रकाशित हुँदै आएको छ साथै बैंकको वेबसाइट https://www.siddharthabank.com/investor-relation/quarterly-financial-reports मा समेत त्यस्तो विवरण राखिएको छ ।

१३. **तोकिए बमोजिमको अन्य विवरण:**
नियमानुसार तोकिए बमोजिम अन्य विवरण राष्ट्रिय स्तरको दैनिक पत्रिकाहरुमा प्रकाशन गर्नुका साथै बैंकको वेबसाइट https://www.siddharthabank.com मा समेत राख्ने गरिएको छ ।

१४. **अघिल्लो आर्थिक वर्षमा सार्वजनिक निकायले कुनै कार्यक्रम वा आयोजना सञ्चालन गरेको भए सो को विवरण:**
यस बैंकले प्रचलित नियम कानून बमोजिम विभिन्न प्रकारका बैंकिङ्ग कारोबार सम्बन्धी कार्य गर्दै आएको छ, यस बाहेक छुट्टै विशेष प्रकारको कार्यक्रम वा आयोजना सञ्चालन गरेको छैन ।

१५. **सार्वजनिक निकायको वेबसाइट भए सो को विवरण https://www.siddharthabank.com:**

१६. **सार्वजनिक निकायले प्राप्त गरेको वैदेशिक सहायता ऋण अनुदान एवं प्राविधिक सहयोग र सम्झौता सम्बन्धी विवरण:**

- नेपाल सरकार, अर्थ मन्त्रालय र जर्मन सरकारको समन्मय एवं जर्मन वित्तीय विकास निगमको सहयोगमा नेपाल सरकारको तर्फबाट नेपाल राष्ट्र बैंक मार्फत सिद्धार्थ बैंक र जर्मन सरकारको तर्फबाट के. एफ. डब्लु डेभलपमेन्ट बैंकद्धारा कार्यान्वयन गर्ने गरी नेपालको ग्रामिण तथा अर्धशहरी क्षेत्रको दिगो आर्थिक विकासका लागि लघु तथा साना व्यवसायीहरुलाई प्रत्यक्ष कर्जा सुविधा र तालिम, परामर्श लगायत आवश्यक प्राविधिक सेवाहरु प्रदान गर्नको लागि SEDRA-II (Sustainable Economic Development in Rural and Semi-Urban Areas) नामक परियोजनामा हालै सम्झौता भई कार्यान्वयन भईरहेको छ ।

१७. **सार्वजनिक निकायले संचालन गरेको कार्यक्रम र सो को प्रगति प्रतिवेदन:**
बैंकले प्रचलित कानून बमोजिम नियमित बैंकिङ्ग सेवा प्रदान गर्दै आएको र बैंकले गरेका कार्यहरु समावेश गरी हरेक वर्ष वार्षिक साधारण सभामा लेखापरीक्षण प्रतिवेदन सहित संचालक समितिको प्रतिवेदन पेश गर्ने गरिएको छ । यस्तै बैंकले हरेक तीन महिनामा अपरिष्कृत वित्तीय विवरण प्रकाशित गर्दै आईरहेको छ । उक्त प्रतिवेदनहरु बैंकको वेबसाइट https://www.siddharthabank.com मा अपलोड गरिएको छ ।

१८. **सार्वजनिक निकायले वर्गिकरण तथा संरक्षण गरेको सूचनाको नामावली र त्यस्तो सूचना संरक्षण गर्न तोकिएको समयवधि:**
हाल त्यस प्रकारको वर्गिकरण गरिएको छैन ।

१९. **सार्वजनिक निकायमा परेका सूचनाको माग सम्बन्धी निवेदन र सो उपर सूचना दिएको विवरण:**

- श्री अंगराज भारती ज्यूबाट मिति २०७८/०८/०१ र २०७८/०८/२० मा यस बैंकले उत्पादनशील क्षेत्रमा प्रवाहित कर्जाको वास्तविक र खरीद विक्री गरेको कर्जाको मासिक विवरण तथा उर्जा ऋणपत्र र कृषि ऋणपत्रमा आर्थिक वर्ष २०७७/०७८ मा लगानी गरेको विवरण माग भई आएकोमा सोहि अनुरुप माग भएको विवरण मिति २०७८/०९/२७ मा उपलब्ध गराईएको ।

२०. **सार्वजनिक निकायको सूचनाहरु अन्यत्र प्रकाशन भएका वा हुने भएको भए सो को विवरण:**
वार्षिक विवरणहरु वार्षिक प्रतिवेदनको रुपमा प्रकाशित भई बैंकको वेबसाइटमा समेत प्रकाशन गरिएको छ । साथै बैंकले आर्थिक विवरणहरु त्रैमासिक रुपमा विभिन्न राष्ट्रिय स्तरको पत्र-पत्रिकामा प्रकाशित गरी बैंकको **वेबसाइटमा समेत राखिदै आएको छ ।**

२१. **बैंकको प्रमुख कार्यकारी अधिकृतको नाम र ठेगाना:**
बैंकको प्रमुख कार्यकारी अधिकृतको नाम र ठेगाना यसप्रकार रहेको छ :
**श्री सुन्दर प्रसाद कडेल**
प्रमुख कार्यकारी अधिकृत
सिद्धार्थ बैंक लिमिटेड, प्रधान कार्यालय: हात्तीसार, काठमाडौं
पोष्ट बक्स नं. १३८०६, फोन नं. ०१-४४४२९१९, ०१-४४४२९२०

SiddharthaBank

**Head office:** Hattisar, Kathmandu
**P.O.Box:** 13806, **Ph:** 01-4442919 / 4442920 / 5970020
**Fax:** 01-4442921, **SWIFT:** SIDDNPKA
**Email:** customercare@sbl.com.np
**Web:** www.siddharthabank.com

## सम्पादकीय

# असन्तुलनको भय

राष्ट्रियसभाको बुधबार सम्पन्न निर्वाचनबाट प्रमुख विपक्षी दल नेकपा एमालेले क्षति बेहोर्न'परेको छ भने सत्ता गठबन्धनले लाभ उठाएको छ । १९ सदस्यीय राष्ट्रियसभा सदस्यका निम्ति भएको चुनावमा सत्ता गठबन्धनले १८ सिट जितेको छ । प्रदेश-१ बाट गठबन्धनका उम्मेद्वार पराजित गर्दै एमालेका सोनाम गोल्जेन शेर्पा विजयी भए । तर एमालेले सात सिट गुमाएको छ । नेपाली काँग्रेसले तीन सिट थप गरेको छ । नेकपा माओवादी केन्द्र, नेकपा एकीकृत समाजवादी, जनता समाजवादी पार्टी (जसपा) र राष्ट्रिय जनमोर्चाले एक/एक सिट थप गरेको छ । चार वर्षे कार्यकाल पूरा भएका २० जना मध्ये १९ जनाका निम्ति चुनाव भएको थियो । रिक्त हुनेमा भने माओवादी केन्द्र र एकीकृत समाजवादीका चार/चार जनाको कार्यकाल सकिएको थियो । काँग्रेसको तीन जनाको कार्यकाल सकिदा एमालेका आठ जनाको कार्यकाल सकिएको थियो ।

मन्त्रिपरिषद्को सिफारिसमा मनोनीत रामनारायण बिडारीको समेत कार्यकाल सकिएको छ । बिडारीसहित कार्यकाल सकिएकाहरू आगामी २० फागुनदेखि पदमुक्त हुनेछन् । बिडारीको स्थानमा मन्त्रिपरिषद्को सिफारिसमा राष्ट्रपतिले मनोनीत गर्नेछन् । राष्ट्रपतिको सिफारिससँगै राष्ट्रियसभामा सत्ता साझेदार दलको सांसद संख्या राष्ट्रियसभामा दुई तिहाइ नजिक पुग्नेछ । एमाले छोडेका वामदेव गौतमको साथ पाएमा सत्ता गठबन्धनको दुई तिहाइ पुग्नेछ । यो भनेको राष्ट्रियसभाका अध्यक्ष र उपाध्यक्ष परिवर्तन गर्न सक्ने संख्या हो । कतिपयले सत्तारूढ गठबन्धनले त्यो कदम चाल्ने अनुमान समेत गरेका छन् ।

राष्ट्रियसभा अध्यक्ष आफैमा आकर्षक पद देखिन्न । तर राज्य शक्ति सन्तुलनको निम्ति भने महत्वपूर्ण छ । किनकि संवैधानिक परिषद्को सदस्य संख्यामा यो पदले अर्थ राख्नेछ । त्यसो हुँदा सरकारलाई स्वच्छाचारी बनाउन बल पुग्छ । जुन बाटो सत्ता साझेदार दल हिड्न हुन्न । अघिल्ला सरकारका प्रधानमन्त्री हुँदा एमालेका अध्यक्ष केपी शर्मा ओलीले जुन कदम चालेका थिए । त्यही बाटोमा राजनीति जानु सत्तागठबन्धन दलका नेताहरूको प्रतिबद्धता समेत होइन । केही हदसम्म प्रधानमन्त्री देउवा र सत्तागठबन्धनले गल्ती गरिसकेको छ । ओली सरकारले गरेको नियुक्ति भटाभट उल्ट्याउने र आफ्नो खल्तीका व्यक्ति नियुक्त गर्न सरकार पछि परेको छैन । त्यसो हुँदा वर्तमान सरकार र सत्ता गठबन्धनले राज्य शक्ति सन्तुलन बिगार्ने गल्ती दोहो-याउनु हुन्न ।

सन्दर्भ : सहिद सप्ताह

# सहिदको सपना र समाजको रूपान्तरण

लोभ र स्वार्थको फोहोरी खेलबाट बाहिर नआएसम्म नेपाल र नेपालीको प्रगति शून्य नै हुन्छ र भविष्य पनि अन्धकार नै । यस्ता विषयमा दिइने प्रशिक्षण अनुशिक्षणहरूले समाज सुधारको कार्य पनि गर्नेछ । सहिदको सम्झना त्यसैमा हुन्छ केबल फोटोमा माला लगाइदिएर के हुन्छ ?

अग्रलेख



● अच्युतप्रसाद पौडेल 'चिन्तन'

हामी साताव्यापी सहिद सप्ताहमा व्यस्त छौँ अहिले, तर सहिदहरूका सपनालाई लत्याउँदै छौँ । हाँसेर तिनले जीवन उत्सर्ग गरे तर, हामी भने रोएर जिइरहेका छौँ । कतै स्वर्गका सहिदले देशको अवस्था थाहा पाए भने ती पनि त्यहीँ रून्छन् होला । केमा छैन विकृति यहाँ ? राजनीतिले बिगारेको पाटो समाजको स्वरूप कुरूप बन्दैछ । मौलिकता हराएको छ । विदेशीले परेड खेल्न थालेका छन् । सीमानामा अतिक्रमण भएको छ । नाफाखोरहरूको जगजगी छ, शिक्षा, स्वास्थ्य विचौलियाको हातमा छ । आज बजार अनियन्त्रित छ । दलहरूलाई देशको भन्दा निर्वाचनको हतारो छ र निर्वाचनको मिति नतोकिए कडा आन्दोलन गर्ने भन्दैछन् । निर्वाचन कसका लागि हो, निर्वाचित संस्था किन कोमामा छ ? पटक्कै ब्यूँझदैन त । हिजो अख्तियारको एउटा सानो भवन थियो बबरमहलमा, आज टंगालको आलिशान भवन अनि देशैभरि यसका संयन्त्रहरू छन् र यी यस्तै अन्य संयन्त्रहरूको ताँती नै छ र पनि भर्खरै प्रकाशित गरेको ट्रान्सपरेन्सी इन्टरनेशनलको रिपोर्टले के देखायो सबैलाई अवगतै छ । सहिदले लोकतन्त्र, गणतन्त्र, संघीयता ल्याए भनिन्छ तर, तिनका परिवारले के पाए वा अरू दर्शक बनेका आम सर्वसाधारणले के पाए ? एउटै भवनमा ५ वटा मन्त्रालयहरू अनि देशलाई चिराफारा गरेर भागबण्डामा छ, दलको निहित स्वार्थमा । ३ करोड जनता बस्ने दिल्ली कस्तो छ र ३ करोड नपुगेको यो देशको जनतालाई कति पीडा छ ? सहिदले त सोध्लान् नै असहिदहरूले पनि सोध्नु पर्ने होइन ?

विद्धान्हरूले भनेका छन् मानिस स्वयंमा ईश्वरको अनुग्रह हुन्छ । तिमीहरू सबै दिव्यात्मा रूप हौ, तिमीहरू जान्न चाहन्छौं के तिमीहरूलाई पनि स्वामीको शक्ति प्राप्त हुन सक्छ ? अवश्य सक्छ, मेरो अनुकरण गर, तिमीलाई पनि सवै क्षमता सुलभ हुनेछ । यो शक्ति तिमीभित्र मौजुद छ, फरक यति छ कि तिमीलाई यो थाहा छैन सत्य साई बाबाको भनाइ हो यो । उनको यो स्वचिन्तन र स्वाध्यायबाट यो थाहा हुन सक्छ भने वैदिक चिन्तनको थलो नेपाली भूमिमा जन्म प्राप्ति मात्रै पनि गौरवको विषय हो, कारण यो देश जनकको हो, जानकीको हो, बुद्धको हो, पशुपतिको हो तर, अहिले पशुपतिकै ढोका बन्द छ र धर्मशालामा पनि व्यापारीकरण भएको छ । हाम्रो विज्ञान कति असफल रहेछ भन्ने कुरा हालै सामान्य भाइरल रूघाखोकीले समेत विश्वमा लाखौँको जीवन समाप्त पारेको छ, काठमाडौँ अहिले हट् स्पट बनेको छ, सिटामोलका लागि अदालतको आदेश आएको छ, खोप त २४ लाख हरायो रे, भन्न पनि लाजै छैन यहाँ, व्यक्तिको त अभिलेख राखिन्छ संस्था त्यो पनि सरकारी, स्टोर दाखिला नभई ढिम्किनै पाइँदैन, हरायो कसरी ?

हो रोग सबैतिर छ, तर एकपटक देशले देवकोटा जस्ता स्वास्थ्य मन्त्री पाएको थियो पहिले, महावीर पुन जस्ता विज्ञान मन्त्री बन्न, कुलमान जस्ता ऊर्जा मन्त्री बन्न दलले दिँदैन, विज्ञ, योग्य व्यक्तिलाई माथिल्लो सदनमा ल्याउन सकिने प्रावधान छ तर दलको भागबण्डा नै जरूरी छ त्यसमा पनि । हिजो आज मधुमेह रोग सबैको साझा विषय भइसकेको छ । रोगीहरूलाई निरपेक्ष वा सापेक्ष रूपमा इन्सुलिनको कमी हुन्छ । यसले गर्दा रगतमा ग्लुकोजको मात्रा आवश्यकभन्दा बढी हुन जान्छ । इन्सुलिनले कार्बोहाइड्रेड, फ्याट, प्रोटिन, पानी तथा लवणहरूको जैविक क्रियामा प्रभावित पार्छ । लामो समयसम्म इन्सुलिनको कमी हुँदा शरीरका कोषहरूको भौतिक स्वरूप तथा कार्यमा परिवर्तन आउँछन् । यसका असरहरू अपरिवर्तनीय हुन्छन् र मुख्यतया रक्तनली, स्नायु, आँखा मृगौला, मुटु मष्तिष्कमा यिनका लक्षण देखापर्छन् । यो रोगको खराव असरहरू देखापर्न साधारणतया आठ वर्षजति लाग्छ । यसमा सचेत कसले गराउने हिजोआजको खाना बजार कस्तो छ ? यी कार्यमा चेतना दिने काम दलको होइन । नयाँ गाडी चढ्ने सडकैभरि उफ्रने दलको काम हो, कोरोना नसर्ने रहेछ दलको भीडमा ।



> सहिदले लोकतन्त्र, गणतन्त्र, संघीयता ल्याए भनिन्छ तर, तिनका परिवारले के पाए वा अरु दर्शक बनेका आम सर्वसाधारणले के पाए ? एउटै भवनमा ५ वटा मन्त्रालयहरु अनि देशलाई चिराफारा गरेर भागबण्डामा छ, दलको निहित स्वार्थमा । ३ करोड जनता बस्ने दिल्ली कस्तो छ र ३ करोड नपुगेको यो देशको जनतालाई कति पीडा छ ? सहिदले त सोध्लान् नै असहिदहरुले पनि सोध्नु पर्ने होइन ?

